# आ.व.२०७८।७९ का लागि वैदेशिक रोजगारसँग सम्बन्धित संस्थाहरुको नवीकरणका लीग निवेदन आह्वानको सूचना

वैदेशिक रोजगार सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भै विभागबाट ईजाजतपत्र तथा अनुमतिपत्र प्राप्त गरेका देहाय बमोजिमका संस्थाहरुलाई वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली २०६४ र सम्बन्धित निर्देशिका एवं कार्यविधि बमोजिम मिति २०७८ आषाढ मसान्तभित्र र सिपमुलक तालिम प्रदायक संस्थाहरुको हकमा असार १५ गते भित्र सम्बन्धित कानूनमा उल्लेख भए बमोजिमको नवीकरण दस्तुर र तोकिएका कागजपत्रहरु संलग्न गरी नवीकरणका लागि निवेदन आह्वान गरिएको छ।

**देहाय:**

**१. ईजाजतपत्र प्राप्त संस्था (म्यानपावर) हरुको हकमा:**

क) संस्थाको निवेदन

ख) अघिल्लो आर्थिक वर्ष को आय विवरण बुझाएको भरपाई वा आयकर दाखिला गरेको प्रमाण

ग) पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजात (नियमावलीको नियम ८(१)(क१)

घ) अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारमा पठाएका कामदारको संख्या र अवस्था

ङ) ऐनको दफा ११ (ख) को व्यहोरा प्रमाणित हुने कागजात

च) नियमानुसारको नवीकरण दस्तुर बुझाएको भरपाई (नियमावलीको नियम ८)

छ) विभागबाट प्राप्त इजाजतपत्रको प्रतिलिपी

ज) नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपी

झ) कम्पनी अद्यावधिक भएको वा सो को प्रक्रिया शुरु गरिएको प्रमाणित हुने कागजातको प्रतिलिपी

**नोट:**

**१. ईजाजतपत्रप्राप्त संस्थाहरु (म्यानपावर) लाई आवश्यक पर्ने वार्षिक संख्या प्रमाणित सम्बन्धी सबै संस्थाहरुको विवरण विभागबाट एकमुष्ठ रुपमा प्रमाणित गरी वेभसाईटमा राखिएकोले वेभसाईटबाटै प्राप्त गर्न सक्नुहुनेछ ।**

**२. पेश गर्नुपर्ने प्रतिलिपी कागजातहरुको हकमा संस्थाको सञ्चालकबाट प्रमाणित गरी संस्थाको छाप लगाई पेश गर्नुपर्नेछ ।**

**३. उल्लेखित सूचनामा भएको व्यहोरा फरक परेमा वा कुनै कुरा छुट हुन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।**

२ अभिमूखिकरण तालिम प्रदायक संस्थाहरुको हकमा:

क) संस्थाको निवेदन

ख) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी

ग) अघिल्लो आर्थिक वर्षको प्रगति विवरण

घ) संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धी विवरण

ङ) अघिल्लो आर्थिक वषको कर कर चुक्ताको प्रमाणपत्र

च) कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अद्यावधिक गरेको विवरण

छ) अघिल्लो आर्थिक वर्ष सम्मको अनुमतिपत्र नवीकरण गरेको प्रमाणपत्र

ज) अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण

झ) घर भाडामा लिएको भए कम्तिमा दुई वर्षको म्याद बाँकी रहेको सम्झौता पत्र

ञ) अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन

ट) संस्थाको शेयर बिक्री वा हस्तान्तरण गरेको भए सो को प्रमाण

ठ) ईजाजतपत्र प्राप्त संस्थाको सञ्चालक र निजको एकाघर सगोलका परिवारका सदस्यहरु सो संस्थामा आवद्ध नभएको अवस्था प्रमाणित गर्ने कागजात वा विवरण (नियमावलीको नियम २३ को उपनियम ८) वा स्वघोषणा

ड) एकाघर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्था नभएको प्रमाणित गर्ने कागजात (नियमावलीको नियम २३ को उपनियम ९) वा स्वघोषणा

ढ) नगद धरौटी वापत जम्मा रु.पाँच लाख बझाएको रसिदको प्रतिलिपी

ण) नवीकरण दस्तुर वापत रु.दश हजार बुझाएको भौचर

नोट:

**१. संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।**

**२. उल्लेखित सूचनामा भएको व्यहोरा फरक परेमा वा कुनै कुरा छुट हुन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।**

### ३. सिपमुलक तालिम प्रदायक संस्था:

क) कम्पनी दर्ता प्रमाणपत्र

ख) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र

ग) तालिम सञ्चालनको वार्षिक विवरण

घ) अघिल्लो आर्थिक वर्ष सम्मको अनुमतिपत्र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी

ङ) अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण

च) घर भाडामा लिएको भए कम्तीमा दुई वर्षको लागि सम्झौता गरेको पत्रको प्रतिलिपी

छ) आ.व.२०७६।७७ को लेखा परिक्षण प्रतिवेदन

ज) संस्थाको शेयर बिक्री वा हस्तान्तरण गरेको भए सो को प्रमाणपत्र ।

ञ) नवीकरण दस्तुर वापत रु.दश हजार बुझाएको भौचर

छ) संस्था दर्ताको अनुमति पाएको अनुमतिपत्रको प्रतिलिपी

नोट:

**१. संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।**

**२. उल्लेखित सूचनामा भएको व्यहोरा फरक परेमा वा कुनै कुरा छुट हुन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।**

### ४. घरेलु कामदारलाई अभिमूखिकरण तालिम दिने संस्थाहरुको हकमा:

क) संस्थाको निवेदन

ख) अघिल्लो आर्थिक वर्षको प्रगति विवरण

ग) संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धी विवरण

घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणको प्रतिलिपी

ङ) अघिल्लो आर्थिक वर्षको तालिम प्रदान सम्बन्धी प्रगति विवरण (तालिम प्राप्त व्यक्तिहरुको ठेगाना, जिल्ला, जातिगत र लैंगिक विवरण सहितको नावावली

च) लेखा परिक्षण प्रतिवेदन

छ) मन्त्रालय, विभाग, सचिवालयबाट अनुगमन भएको मिति र दिइएका सुझावहरु कार्यान्वयनको अवस्था

ज) कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अद्यावधिक गरेको विवरण

झ) अघिल्लो आर्थिक वर्षको अनुमतिपत्र नवीकरण गरेको प्रमाणपत्र

ञ) नवीकरण दस्तुर वापत रु.दश हजार बुझाएको भौचर

नोट:

**१. पेश गर्नुपर्ने प्रतिलिपी कागजातहरुको हकमा संस्थाको सञ्चालकबाट प्रमाणित गरी संस्थाको छाप लगाई पेश गर्नुपर्नेछ ।**

**२. उल्लेखित सूचनामा भएको व्यहोरा फरक परेमा वा कुनै कुरा छुट हुन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।**

**५. केयरगिभर सम्बन्धी तालिम सञ्चालन गर्न अनुमति प्राप्त संस्थाहरुको हकमा:**

क) संस्थाको निवेदन

ख) अघिल्लो आ.व.को प्रगति विवरण

ग) संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धी विवरण

घ) अघिल्लो आर्थिक वर्षको कर दाखिला गरेको प्रमाण

ङ) अघिल्लो आर्थिक वर्षको तालिम प्रदान सम्बन्धी प्रगति विवरण (तालिम प्राप्त व्यक्तिहरुको ठेगाना, जिल्ला, जातिगत र लैंगिक विवरण सहितको नामावली)

च) लेखा परिक्षण प्रतिवेदन

छ) मन्त्रालय, विभाग, सचिवालयबाट अनुगमन भएको मिति र दिइएका सुझावहरु कार्यान्वयनको अवस्था

ज) कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अद्यावधिक गरेको विवरण र अघिल्लो आर्थिक वर्ष सम्मको अनुमतिपत्र नवीकरण गरेको प्रमाण

झ) नवीकरण दस्तुर वापत रु.दश हजार बुझाएको भौचर

नोट:

**१. पेश गर्नुपर्ने प्रतिलिपी कागजातहरुको हकमा संस्थाको सञ्चालकबाट प्रमाणित गरी संस्थाको छाप लगाई पेश गर्नुपर्नेछ ।**

**२. उल्लेखित सूचनामा भएको व्यहोरा फरक परेमा वा कुनै कुरा छुट हुन गएमा प्रचलित कानून बमोजिम हुनेछ ।**

६. <u>विभागसमक्ष उपस्थित हुँदा सेवाग्राहीले पालना गर्नुपर्ने नियमहरु:</u>

१. अनिवार्य रुपमा मास्क लगाउनुपर्ने

२. कानून बमोजिम पुऱ्याउनुपर्ने रितपूर्वकका सबै कागजातहरु पुऱ्याई फायलसाथ उपस्थित हुनुपर्ने

३. फायलको अगाडिपट्टिको भागमा संस्थाको नाम, सञ्चालकको नाम र सम्पर्क नम्बर उल्लेख भएको हुनुपर्ने

४. संस्थाबाट परिचय पत्र सहित अख्तियार प्राप्त व्यक्ति एकजनामात्र उपस्थित हुनुपर्ने

५. विभागमा उपस्थित भएपश्चात विभागले निर्देशन गरे बमोजिमका सूरक्षाका मापदण्डहरु पालना गर्नुपर्ने